स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालको हकमा फिल्मले सेन्सर बोर्डबाट एडल्ट सर्टिफिकेट पाउनु व्यापारिक दृष्टिकोणले राम्रो मानिँदैन। एडल्ट फिल्म हेर्ने जमात ठूलो छैन। जसले गर्दा यस्ता फिल्मलाई लगानी उठाउन निकै समस्या हुने गरेको छ। मेकरहरूले एडल्ट कन्टेन्टमा फिल्म बनाइरहेका हुन्छन्। यही शुक्रबार प्रदर्शन हुन लागेको फिल्म 'ममी' पनि एडल्ट बनेको छ। नेपालको हकमा फिल्मले सेन्सर बोर्डबाट एडल्ट सर्टिफिकेट पाउनु व्यापारिक दृष्टिकोणले राम्रो मानिँदैन।

**आजको विचार...**



तोमनाथ उप्रेती

विज्ञान... *(दुई पेजमा)*

आगामी फागुन २ गते (भ्यालेनटाइन डे)बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'रंगी'को अघिल्लो साता सार्वजनिक ट्रेलरमा एउटा दृश्य छ, जसमा अभिनेता सलोन बस्नेतले एक युवतीसँग विवाह गरेको देख्न सकिन्छ। तर, ती युवती को हुन् भन्ने खुलाइएको थिएन। मंगलबार सार्वजनिक शीर्ष गीतले त्यो रहस्य खुलाएको छ। ती युवती अरु कोही नभएर अभिनेत्री मलिका महत हुन्। आमेश स्वयंको शब्द र संगीत रहेको गीतको भिडियोमा मलिका र सलोनबीचको प्रेम देखाइएको छ।



❒ वर्ष ३० ❒ अंक १९४ ❒ २०८१ माघ २४ गते बिहीबार 6 February 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# गुल्मीको सुदुरपूर्वमा इलाका प्रशासन नहुँदा सेवाग्राहीलाई सास्ती

## स्थानीय सरकारले थाले पहल

जगदीश भट्टराई

**गुल्मी,** माघ २३/जिल्लाको सुदुरपूर्वमा पर्ने कालीगण्डकी गाउँपालिका- ७ का रमेश विश्वकर्मा राहदानी बनाउन सदमुकाम तम्घास पुगेर घण्टौं लाईन लागे । विहान भिsसमिसेमै छापचौरबाट जिप चढेर कार्यलय समयमै प्रशासन पुगेका विश्वकर्मा दिउँसो १ नबज्दै आजको टोकन सकियो भन्ने थाहा पाएपछि निराश हुँदै त्यहाँबाट फर्किए । सोही दिन उनी सदरमुकाममै बास बस्नुपर्‍यो । तम्घासस्थित जिल्ला प्रशासन कार्यालयमा भेटिएका उनले राहदानी बनाउन दुई दिनदेखि सदरमुकाममा रहेको बताए । 'स्थानीय सरकारले थाले पहल एक-दुई घण्टामै हुने कामका लागि पनि सदरमुकाम धाउनुपर्ने बाध्यता छ,' उनले भने ।

नागरिकता बनाउन आउँदा नै चार-पाँच हजार खर्च भइसकेको अर्का सेवाग्राही सत्यवती गाउँपालिका हसराका विष्णु भण्डारीले बताए । नागरिकताको लागि प्रशासनको गेट नजिकैको लाइनमा भेटिएका उनले गाडी भाडा, खाजाखर्च गरी चार/पाँच हजार रुपैयाँ खर्च भएको बताए ।



'समय खर्च भएको हिसाब छैन् । गाडीभाडा, खाजाखर्च मात्र पाँच हजार रुपैयाँ भइसक्यो,' भण्डारीले भने,'गाउँमै प्रशासन भइदिएको भए सामान्य खर्चमा काम बन्थ्यो ।' विश्वकर्मा र भण्डारी त केही प्रतिनिधि पात्रा मात्रै हुन । कालीगण्डकी, सत्यवती, रुरुक्षेत्र, चन्द्रकोट, छत्रकोट र गुल्मी दरवार क्षेत्रलाई पायक पर्ने गरी इलाका प्रशासन कार्यालय नहुँदा यहाँका सर्वसाधारणले सास्ती खेप्नुपरेको छ । इलाका प्रशासन त्यहाँ नहुँदा नागरिकता, राहदानी र अन्य सिफारिस बनाउन चारदेखि सात घण्टा लगाएर ८० किलोमिटर टाढा सदरमुकाम तम्घास धाउनुपर्ने बाध्यता छ । अझ त्यहाँ पुग्दा पुग्दै टोकन सकिने र सेवा लिनका लागि अर्को दिनसम्म कुर्नै पर्ने सेवाग्राहीको गुनासो छ ।

**स्थानीय सरकारको पहल**

इलाका प्रसाशन कार्यालय पायक पर्ने स्थानमा नभएका कारण दुख पाएको सेवाग्राहीको गुनासो आएपछि जिल्लाको सुदुरपूर्वमा पर्ने स्थानीयतहहरुले पहल थालेका छन् । संघीयताको मर्म र भावनाअनुरूप एकीकृत तथा विकेन्द्रीकृत सेवा प्रवाह गर्ने राज्यको नीति भए पनि स्थानीय तहमा रहने गरी इलाका प्रशासन कार्यालय नहुँदा जनताले सास्ती व्यहोर्नुपरेको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष वेदवहादुर थापाले बताए । उनले भने 'राज्यले जनताका समस्याहरु समाधान गर्ने र सेवा दिने कार्यालय पायक पर्ने ठाउँमा हुनुपर्छ । इलाका प्रशासन कार्यालय स्थापना अनिवार्य छ भन्ने महशुस गरी हामीहरुले रुरुक्षेत्रको रिडी बजारमा राख्न उपयुक्त हुने गरी सिफारिस गरेका छौं ।' अध्यक्ष थापाले यो काम छिट्नै हुनुपर्ने बताए । कालीगण्डकी गाउँपालिकाको जनसंख्या १५ हजार ४४ छ । जस मध्ये पुरुष ७ हजार ७४ र महिला ७ हजार ९ सय ७० रहेका छन् । यहाँका नागरिकलाई तम्घास पुगेर सेवा लिदा गाह्रो भएकाले सत्यवतीको खैरेनीमा इलाका प्रशासन कार्यालय हुनुपर्छ भन्ने हाम्रो माग रहेको सत्यवती गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले बताए । उनले सम्बन्धित निकायमा पुगेर इलाका प्रशासन स्थापनाका लागि प्रयास गरिरहेको बताए । यहाँ २३ हजार ८ सय ७ जनसंख्या रहेको छ ।

रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले पनि वडा नं.१ को रिडी बजारस्थित पिएससी भएको भवनमा इलाका प्रशासन कार्यालय स्थापनाका लागि कार्यपालिकाबाटै निर्णय गरेर माग गरिएको बताए । भूगोल, सेवा सुविधा र जनघनत्वका हिसावले यो अत्यान्तै महत्वपूर्ण कार्य हुने उनले उल्लेख गरे । ज्ञवाली भन्छन् 'इलाका प्रशासन स्थापनाको विषयलाई जिल्ला सुरक्षा समिति र सबै मिलेर अगाडि बढाउनु पर्ने अवस्था छ । किन कि भवन लगायतका संरचनाहरु सबै यही बनेका छन् । त्यो खर्च लाग्दैन् ।' रुरुक्षेत्रमा २३ हजार १ सय ५५ बसोवास गर्छन् ।


-बाँकी अन्तिम पेजमा...

**संक्षिप्त समाचार**

## लामिछानेलाई प्रहरीको जिम्मा

**चितवन,** माघ २३/ साहारा बहुउद्देश्यीय सहकारी ठगी आरोप लागेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई प्रहरीको जिम्मा लगाइएको छ । जिल्ला न्यायाधीश दयाराम ढकालको इजलासले थुनछेक बहस नसकिएकाले लामिछानेलाई बुधबार सुरक्षाकर्मीको जिम्मा लगाएको हो । विहीबार बिहान १० बजे उपस्थित गराउने गरी सुरक्षाकर्मीको जिम्मा लगाइ जिल्ला प्रहरी कार्यालय चितवन पठाएको चितवन जिल्ला अदालतले जनाएको छ । साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्थाको बचत रकम ठगी गरेको सम्बन्धमा रवि लामिछानेविरूद्ध चितवन जिल्ला अदालतमा दायर भएको मुद्दामा बुधबार लामिछानेको बयान सकिएर थुनछेक बहस सुरू भएको हो । मुद्दामा वादीका तर्फबाट सरकारी वकिलको कार्यालयका जिल्ला न्यायाधीवक्ता रवि न्यौपाने र सहायक न्यायाधिवक्ताहरू अमृत सुवेदी र बुद्धबहादुर थापाको बहस सकिएको छ । त्यसैगरी जाहेरवालाका तर्फबाट अधिवक्ता रमेश काृलेको बहस सकिएपछि बुधबारको बहस पूरा भएको छ । जाहेरवालाका तर्फबाट एकजना वरिष्ठ अधिवक्तासहित चारजनाले बहस गर्दैछन् । प्रतिवादी रवि लामिछानेका तर्फबाट १० जना कानुन व्यवसायीले बहस गर्न वकालतनामा दर्ता गराएका छन् ।

## पोखराथोकमा एक पुरुष मृत फेला



**पाल्पा,** माघ २३/जिल्लाको बगनासकाली गाउँपालिका -२ पोखराथोकमा एक पुरुष मृत फेला परेका छन् ।

रामपुर नगरपालिका- ३ चनौली घर भई हाल बगनासकाली गाउँपालिकाको पोखराथोकमा बस्दै आएका ५६ वर्षीय रेम बहादुर सुर्यबंशी घर नजिकैको खरबारीमा मृत अवस्थामा फेला परेका हुन् ।

उनको शवलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल पठाईएको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

## स्थानीय उत्पादनलाई बजारीकरण गर्दैं 'रामपुर नगरपालिका'

**रामपुर (पाल्पा),**माघ २३/जिल्लाको रामपुर नगरपालिकाले आत्मनिर्भर बनाउनका लागि ज्ञान, सीप सिकाउने मात्र नभई उत्पादित सामग्रीलाई पनि बजारीकरण तथा प्रवर्द्धनमा सघाइरहेको छ । नगरभित्रका महिला उद्यमीले उत्पादन गरेका वस्तुलाई यहाँ चलेको रामपुर मेलामा नगरपालिकाले बिक्री-वितरण तथा प्रवर्द्धन कार्य गरिरहेको छ ।





नगरपालिकाले बिक्रीकक्ष तयार पारेर मेलामा स्थानीय उत्पादनका विभिन्न सामग्रीलाई राख्ने व्यवस्था मिलाएको छ । रामपुर उद्योग वाणिज्य संघको आयोजनामा भइरहेको चौथो रामपुर महोत्सव तथा व्यापार मेलाका अवसरमा बिक्री कक्षमा राखिएका स्थानीय सामग्री अवलोकनकर्ताको आकर्षण बनिरहेको छ । मेला अवलोकन गर्न आउनेले स्थानीय उत्पादन भएकाले आकर्षक मान्दै जानकारी लिने र सामान खरिद गर्ने गरेको नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख पुजा परियारले बताइन् । 'नगरपालिकाभित्र महिलाले उत्पादन गरेका सामग्रीको प्रचार-प्रसार गर्न, बजारीकरणमा सहयोग होस् भन्ने उद्देश्यले बिक्रीकक्षमा राखेका छौं', उनले भनिन्, 'बिक्री कक्षमा कर्मचारी तथा उद्यमी पालो मिलाएर बस्ने गरिएको छ, यसले महिला उद्यमीमा एउटा उत्साह थपिएको छ भने रामपुरको उत्पादन यहाँ आउने दर्शकले अवलोकन, खरिद गर्ने गरेका छन् ।' बिक्रीकक्षमा कफी, साबुन (नुहाउने, लुगाधुने, भाँडा सफा गर्ने), आलुचिप्स, रोटी, दुनाटपरी, फिनेल, ह्यान्डवास, पिताम्बरी, मकैको खोस्टा र थाकलको पातबाट तयार पारिएका टोपी, झोलालगायत स्थानीय सामग्री प्रदर्शनी कक्षमा राखिएको नगरपालिकाका कर्मचारी सन्जु परियारले बताइन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सामाजिक सञ्जालको दुरुपयोग रोक्न जरुरी

नयाँ विचारको प्रचार–प्रसार वा समुदायलाई जोड्न बनेको एउटा गतिलो माध्यम सामाजिक सञ्जाल विस्तारै निरासा पोख्ने, अविश्वास पैदा गर्ने र षड्यन्त्र रच्ने थलोको रुपमा विकास हुँदै गएको छ । सूचना प्रविधिमा आएको विकासलाई सही तवरले सदुपयोग नगर्दा यस्तो अवस्था आएको महसुस गरिएको छ । व्यक्ति तथा समाजलाई सूचना, ज्ञान, मनोरञ्जन प्रदान गर्नुपर्ने सामाजिक सञ्जालको दुरुपयोगले अहिले संसारलाई नै टाउको दुखाइ भएको छ । सामाजिक सञ्जालको प्रयोग गरी सताउने, तर्साउने, धम्क्याउने, मानमर्दन गर्ने प्रवृत्ति हाबी भएको छ । अझ महिला र किशोरकिशोरीलाई भ्रममा पारी निजात्मक विवरण, तस्बिर वा भिडियो संकलन वा आफैं रचना गरी नगद फिरौती माग्ने तथा यौन शोषण गर्नेको प्रवृत्तिले कतिलाई प्रताडित गरेको छ, कतिको जीवन बर्बाद बनाएको छ । यस्तै, कसैको सामाजिक सञ्जाल खाता 'ह्याकिङ' गर्ने, डेटा चोरी गर्ने, आपत्तिजनक सामग्री पोस्ट गरिदिने वा पैसा चोरी गर्ने प्रवृत्ति पनि अहिले मौलाएको छ । यस्तो प्रवृत्तिलाई रोक्न भन्दै सरकारले विधेयक संसदमा प्रवेश गराएको छ । विधेयक संसदमा दर्ता हुन साथ त्यसको धेरैतिर चासो र विमर्श हुन थालेको छ ।

विधेयकमा निर्धारित सर्त पालना नगरे फेसबुक, इन्स्टाग्राम, एक्स, युट्युब, टिकटकजस्ता सामाजिक सञ्जाल प्लाटफर्मलाई १ करोड रुपैयाँसम्म जरिवाना र प्रयोगकर्तालाई १५ लाख रुपैयाँ जरिवाना तथा ५ वर्षसम्म कैद हुने प्रावधान राखिएको छ । यिनै प्रावधानलाई हेरेर धेरैतिर चासो र विमर्श भएको हो । खास गरी नेपालमा सामाजिक सञ्जालको दुरुपयोग गरी छाडापन मौलाउन थालेको प्रति सबैतिर चिन्ता बढेको छ । सामाजिक सञ्जाललाई सही सदुपयोग नगर्दा छाडापन मात्र बढेको छैन, दुष्प्रचार र मिथ्या सूचनाको साम्राज्य पनि फैलिएको छ । नागरिकले सही सूचना पाउन अझै समस्या थपिँदै गएको छ । कतिपयले आरोप लगाए जस्तो जनताको सूचनाको हकलाई कुण्ठित हुन नदिनतर्फ गम्भीर भने हुनैपर्छ । सूचनाको हकलाई कसरी प्रत्याभूत गर्न सकिन्छ भन्ने विषयलाई ध्यान दिएर कानुन बन्नु पर्छ । यसमा दुई मत छैन । संसंदमा विधेयक दर्ता हुँदैमा कानुन बनिहाल्ने पनि हैन । यसमा सरोकारवाला निकायसँग छलफल गरी विधायिकी प्रक्रिया पूरा गरेर मात्र कानुन बन्छ । यसर्थ अहिले सामाजिक सञ्जालको जसरी दुरुपयोग भएको छ त्यसको नियन्त्रण भने गर्न जरुरी छ ।

### Opinion @ Social Network

जस्तो पुरुष छ त्यस्तै नारी मिल्छिन,
तेसैले नारीमा सीता खोज्नु भन्दा पहीले आफु राम जस्तो भएर देखाउ ।
(*बैकुण्ठ घिमीरेको फेसबुक स्टाटस* *https://www.facebook.com/Bhaikuntha.123*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विज्ञान, पूर्वीय चिन्तन र अध्यात्म ज्ञान



**तोमनाथ उप्रेती**

'विज्ञा, पूर्वीय चिन्तन र अध्यात्म ज्ञान तीनवटा महत्त्वपूर्ण पक्षहरू हुन् । यी सबैका बीच केही सम्बन्धहरू पनि रहेका हुन्छन्, यद्यपि तिनीहरूका दृष्टिकोण र पद्धतिहरू भिन्न रहेको पाइन्छ । विज्ञान साँचो र प्रमाण आधारित ज्ञानको खोजीमा केन्द्रित छ, जबकि पूर्वीय चिन्तन र अध्यात्म ज्ञान आन्तरिक अनुभव र जीवनको अर्थलाई अन्वेषण गर्छ । विज्ञान र अध्यात्मको बीचमा कहिलेकाहीं द्वन्द्व र भिन्नताहरू समेत देखिन्छन् तर यी तीनवटा पक्ष एकअर्कामा परिपूरक र सहअस्तित्वमा रहन सक्छन् । विज्ञानले त्यस्तो ज्ञानलाई जनाउँछ जसले प्रकृति र ब्रह्माण्डको घटनाहरूलाई वैज्ञानिक विधिहरूबाट अध्ययन गर्दछ । यसमा प्रयोग, अनुसन्धान, परिकल्पना, परीक्षण, र प्रमाणहरूलाई महत्त्व दिइन्छ । विज्ञानका अनुसार, सबै कुराहरूको व्याख्या तार्किक, प्रमाणित र मापनयोग्य आधारमा गरिनु पर्छ । यसको मुख्य उद्देश्य सत्य र वास्तविकता जान्नु हो, जसका लागि वैज्ञानिक पद्धति प्रयोग गरेर तथ्य र प्रमाणहरू संकलन गर्नुपर्ने हुन्छ । विज्ञानले संसारका विभिन्न घटनाहरूको व्याख्या गर्दा विशेष ध्यान दिन्छ, जस्तै शारीरिक र जैविक प्रक्रियाहरू, भौतिक र रासायनिक परिवर्तनहरू, र बह्माण्डको संरचना । यसका उपलब्धिहरूले मानव सभ्यतालाई ठूलो स्तरमा सुधार्न र जीवनलाई सहज र आरामदायी बनाएका छन् । चिकित्सा विज्ञान, इन्जिनियरिङ, खगोलशास्त्र, जैविकी जस्ता क्षेत्रहरूमा विज्ञानका योगदानहरू स्पष्ट छन् । तर, विज्ञानको दृष्टिकोण मुख्यत: बाह्य संसारको अध्ययनमा केन्द्रित छ र यसले मनुष्यको आन्तरिक अनुभव र आत्मज्ञानलाई प्राथमिकता दिनु हुँदैन । पूर्वीय चिन्तनको अर्थ हिन्दू धर्म, बौद्ध धर्म, जैन धर्म, ताओवादी र अन्य प्राचीन पूर्वीय धार्मिक र दार्शनिक परम्पराहरूबाट प्राप्त ज्ञानको अध्ययन हो । यी परम्पराहरू जीवन र ब्रह्माण्डको गहिरो समझमा आधारित छन् र प्राय: साधना, ध्यान, योग र आत्मज्ञानको माध्यमबाट यथार्थलाई बुझ्न खोज्छन् ।

पूर्वीय चिन्तनले केवल भौतिक संसारको अस्तित्व र घटनाबारे मात्र नभई मानिसको मानसिक, आत्मिक र आध्यात्मिक पक्षका बारेमा पनि गहिरो विवेचन गर्दछ । पूर्वीय चिन्तनको एक प्रमुख सिद्धान्त आध्यात्मिक एकता हो । हिन्दू धर्म र बौद्ध धर्ममा 'आत्मा' वा 'ब्रह्म' को अवधारणाले सबै जीव र ब्रह्माण्डको एकत्वलाई जनाउँछ । ताओवादी चिन्तनमा पनि विश्व बह्माण्ड र मनुष्यको बीचको सम्वन्धलाई एउटा पवित्र सम्पूर्णता र एकताको रूपमा हेर्छ । यस्ता चिन्तनहरूले मानव अस्तित्वको अर्थ र उद्देश्यलाई आत्मा, ध्यान र साधनाको माध्यमबाट बुझ्न खोज्छ । पूर्वीय चिन्तनले शान्ति, सन्तुलन र आन्तरिक विकासलाई प्राथमिकता दिइन्छ । यसले मानिसलाई बाह्य सुख र भौतिकताको पछि नलाग्न र आन्तरिक सुख र आत्मज्ञानको खोजी गर्न प्रोत्साहित गर्दछ । अध्यात्मको शाब्दिक अर्थ स्वयम्को अध्ययन हो । प्रत्येक जीवनको एक-एक शरीरमा पृथक सत्ता छ, त्यही अध्यात्म हो । शरीर भित्र चैतन्य छ, प्राण छ । त्यसभित्र आकाश पनि छ । यसबाहेक जे छ, त्यो अध्यात्म हो । अध्यात्मको खास अर्थ आफुभित्रको चेतन तत्व अनुभूत गर्नु हो । यस चेतन तत्वको सोझो सम्बन्ध परमात्मासँग रहेको हुन्छ । आत्मालाई परमात्माको अंश मानिन्छ । आत्मा र परमात्माबीचको सम्बन्धको खोज, संसारको रचनामा त्यसमो भूमिका, मृत्युपछि वा जन्मअघिको यर्थाथ, जीवन-मरणको चक्रको बारेमा जान्नका लागि आत्ममन्थनको गर्नु नै अध्यात्मिक मार्ग हो।म को हु? यो प्रश्नको खोजीबाट अध्यात्ममा प्रवेश गर्न सकिन्छ ।स्वास्थ्य जीवनका लागि अध्यात्मलाई बुझ्न जरुरी छ । आत्मा र शारीरिक स्वास्थ्य एकआपसमा सम्बन्धित छ । अध्यात्मको माध्यामबाट मानसिक वा शारीरिक स्वास्थ्यबीच राम्रो सम्बन्ध स्थापित गर्न सकिन्छ । यसले हाम्रो मनलाई शक्ति प्रदान गर्छ । भनिन्छ, जब मान्छे भावनात्मक रुपले स्वस्थ्य हुन्छ उनलाई जस्तोसुकै ठूलो रोगले पनि केही बिगार्न सक्दैन । अध्यात्मिक ज्ञानले निरन्तर मानव स्वभाव, संस्कार, बानी, व्यहोरा र उसको प्रवृत्ति तथा मन-बुद्धिलाई सुसंस्कृत कुशल र विवेक सङ्त बनाउने पक्षमा जोड दिन्छ । अध्यात्मिक ज्ञान जसले मानिसलाई स्व-अनुशासित, स्व-संयमित, शान्त, सहनशील, गुणवान्, चरित्रवान् र नैतिकवान् व्यक्तित्व प्रदान गर्न सक्दछ । मानिसलाई एक असल मानिस बनाउन सकोस् जसले सबैलाई मनसा, वाचा, कर्मणा र व्यवहारले सुख र खुशी बाँड्न सक्छ । अध्यात्मले मानव चेतनाको जागृतिसँग सरोकार राख्दछ । यसले व्यक्तिमा शान्तिकामी चिन्तन, मानसपटलको आचारसंहिता र कालजयी चिजको खोजी तथा त्यसले पार्ने असरसँग सम्बन्धित रहन्छ । त्यसो हुँदा हिंसा, कृत्रिम वाद एवं प्रतिवादभन्दा माथि उठेर विश्व कल्याणको मान्यतामा समाहित हुन्छ । अध्यात्म ज्ञान भन्नाले त्यो ज्ञानलाई जनाउँछ जुन मानव अस्तित्वको गहिरो अर्थ र उद्देश्यसँग जोडिएको छ । यो ज्ञान विशेष गरी आन्तरिक, अनूभूत र आध्यात्मिक अनुभवहरूमा आधारित छ । अध्यात्मिक ज्ञानले व्यक्तिलाई बाह्य संसारका सम्पत्ति र सुखबाट माथि उठेर आत्मा र ब्रह्मसँगको गहिरो सम्बन्धलाई अनुभव गर्न मद्दत गर्दछ । अध्यात्म ज्ञानका विभिन्न मार्गहरू छन्, जस्तै ध्यान, साधना, प्रार्थना र योग । यसमा मुख्यत: व्यक्ति आफ्नो अन्तरात्मामा गहिरो डुब्की लगाउँछ र सत्यको खोजी गर्दछ । अध्यात्मिक ज्ञानले व्यक्तिलाई आफूलाई बुझ्न र आफ्नो जीवनको वास्तविक उद्देश्य पहिचान गर्नमा मद्दत गर्दछ । यसका अनुसार, जीवन केवल भौतिक सुख र सम्पत्ति सँग सीमित छैन, बरु यो आत्मा, चेतना र सर्वव्यापी एकताको अनुभव हो । अध्यात्मिक चिन्तनका अनुसार, संसार केवल भौतिक वस्तुहरूको सन्दर्भमा मात्र होइन, बल्कि चेतना र ऊर्जा (आध्यात्मिक रूपमा) को स्तरमा पनि काम गरिरहेको छ । यसैले, अध्यात्मले भौतिक र मानसिक अवस्थाको समग्रता बुझ्नका लागि नयाँ दृष्टिकोण दिन्छ । विज्ञान र अध्यात्मका बीच द्वन्द्व प्राय: देखिन्छ । विज्ञान भौतिक संसारका नियम र घटनाहरूको प्रमाणित अध्ययनमा ध्यान केन्द्रित गर्छ । अध्यात्म आन्तरिक अनुभव र चेतनाका विषयमा आधारित छ । तसर्थ, यसलाई एकअर्काबाट पृथक र विरोधाभासी समझन सकिन्छ । यद्यपि, धेरैजसो वैज्ञानिकहरू पनि अध्यात्मिक र आध्यात्मिक सिद्धान्तहरूलाई आफ्नो अनुसन्धानको एक अंगको रूपमा समावेश गर्ने प्रवृत्ति देखाउँछन् । आजको आधुनिक विज्ञानले पत्ता लगाएको छ कि चेतना र ब्रह्माण्डको संरचना भौतिक हदसम्म सीमित छैन । त्यसैले, विज्ञान र अध्यात्मका विचारमा साझा आधारहरू पत्ता लगाउनको लागि नयाँ दृष्टिकोण अपनाइरहेको छ। उदाहरणका लागि, क्वान्टम भौतिकी र ब्रह्माण्डविज्ञानका केही सिद्धान्तहरूले ब्रह्माण्डको गहिरो एकता र कनेक्टिविटीलाई पुष्टि गर्न थालेका छन्, जसले अध्यात्मिक शिक्षासँग मेल खान्छ । अध्यात्मिक चिन्तनका प्रमुख तत्त्व, जस्तै सार्वभौमिक एकता, मानवता र अन्तरआत्मिक विकास, विज्ञानका केहि सिद्धान्तहरूसँग मिल्न सक्छ । यद्यपि, विज्ञान प्रमाण र तथ्यका आधारमा काम गर्छ भने अध्यात्म अनुभव र आन्तरिक जाँचमा आधारित छ । यी दुईको सन्तुलनले अझ प्रगति र समग्र समझमा योगदान पुर्याउन सक्छ । पूर्वीय चिन्तन प्राचीन परम्परामा आधारित छ, यसमा समाहित भएका केही विचारहरू आजको विज्ञानसँग मेल खान्छन् । उदाहरणका लागि, योग र ध्यानका माध्यमबाट मानव शरीर र मस्तिष्कको स्वास्थ्यमा सुधार ल्याउने ज्ञान धेरै आधुनिक चिकित्साशास्त्र र न्यूरोबायोलोजीका अध्ययनसँग मेल खान्छ । पूर्वीय चिन्तनले मानव शरीरलाई एक ऊर्जा प्रणालीको रूपमा हेरिएको छ जसको प्रभाव विज्ञानले पत्ता लगाएको छ । समग्र बह्माण्डको एकता र बहुस्तरीय अस्तित्वको अवधारणाले पनि आधुनिक भौतिकी र खगोलशास्त्रसँग समानता राख्दछ । अध्यात्मिक ज्ञानले व्यक्तिको मनमा सकारात्मक, शुद्ध र शुभ चिन्तनहरूको धारा प्रवाह गर्दछ, जसले बुद्धिको तीव्रता र निर्णय क्षमता सुधार गर्छ । यसले व्यक्तिलाई परोपकारी, सहयोगी र सर्वहितकारी बनाउँछ, र नकारात्मक सोच र कुभलोका भावना उत्पन्न नगर्न मद्दत गर्दछ । वास्तविक अध्यात्मिक चिन्तन भनेको केवल आफ्ना लागि होइन, अपितु आलोचना र द्वेषको सामना गर्दा पनि दयाभाव, क्षमाभाव र शुभकामनाको भावना राख्नु हो । यस प्रकारको उच्च अध्यात्मिक चेतना र चिन्तनले व्यक्तिको जीवनलाई महान र प्रेरणादायक बनाउँछ, र मानिसलाई विकास र सकारात्मक परिवर्तनका लागि मार्गदर्शन गर्छ । समाजमा हिंसा तथा संघर्ष पैदा गर्ने अन्धविश्वास एवं विवेकहीनता,असंगत वा कट्टरपन्थी सिद्धान्त अव समाप्त हुनुपर्ने आवाज समेत उठेको पाईन्छ । पछिल्ला केही दशकतर्फ हेर्दा आद्यात्मलाई वैज्ञानिक दृष्टिकोण र विज्ञानलाई आद्यात्मिक दृष्टिकोणबाट जोड्ने प्रयासहरु गरिए । वैज्ञानिक तथा आद्यात्मवादीहरुले यो प्रतिवादन समेत गरे कि दुवै मिलेर जगत एवं चेतनालाई जानेर कसरी एक अर्कोमा पूरक भूमिका निर्वाह गर्न सकिन्छ । भौतिक विज्ञान,आत्मविज्ञान ,नीतिशास्त्र,पर्यावरण–परिस्थिति ,चिकित्सा एवं ध्यान योग तथा दूर सञ्चार र मनो-सञ्चारमा समान रुची राख्ने एक समुदाय विकसित भैसकेको अवस्था छ । विकास तथा पर्यावरणको सम्वन्धमा नैतिक सिद्धान्तको महत्व र त्यसको व्यवहारिक प्रयोगमाथी समेत जोड दिन थालियो । मानव समाजका लागि वर्तमान समयको माग विज्ञान एवं अध्यात्म दुवैको आवश्यकता हो । कुनै समयमा विज्ञान र अध्यात्म परस्पर विरोधीको रुपमा हेरिन्थ्यो । परन्तु हरेक मनुस्यलाई विज्ञानसँगै सामाजिक, नैतिक र अद्यात्मिक मूल्यहरुको अपरिहार्यतामा जोड दिइदैछ । भौतिक उन्नतीको साथै आद्यात्मिक उचाँईलाई एकैसाथ सम्पन्न गर्न सकेमा निसन्देह सदाकालको लागि विश्वमा सम्पन्नता प्राप्त हुनसक्छ । अध्यात्मिक ज्ञानले प्रतिपादन गरेका सिद्धान्तहरूलाई दैनिक जीवनमा प्रयोग गर्नुपर्नेमा केवल रीति, रिवाज, आडम्बर र मान्यताका रूपमा मात्रै सीमित हुन पुगेको अवस्था विधमान छ ।

अल्वर्ट आइन्स्टाइन, जर्मन दार्शनिक मुलर, इमानुयल कान्ट, फ्रेन्च दार्शनिक सोफेनहावरदेखि भारतका पूर्वराष्ट्रपति एपिजे अब्दुल कलाम र अमेरिकाका वर्तमान राष्ट्रपति बाराक ओबामासम्मले पूर्वीय दर्शनमा भएको अध्यात्मिक पक्षको महत्तालाई कुनै न कुनै रूपले अंगीकार गरेका छन् । विज्ञान, पूर्वीय चिन्तन र अध्यात्म ज्ञान तीनवटा क्षेत्र हुन् जसले मानव जीवनका विभिन्न पक्षहरूलाई गहिरो र समग्र दृष्टिकोणबाट बुझ्नमा मद्दत पुऱ्याउँछन् । विज्ञान बाह्य, भौतिक संसारको अनुसन्धान र विश्लेषण गर्न केन्द्रित छ, जबकि पूर्वीय चिन्तन र अध्यात्म ज्ञान आन्तरिक, आत्मिक र आन्तरिक अन्वेषणमा आधारित छन् । यी सबैले आफूलाई परिपूर्ण बनाउने र जीवनका उद्देश्यलाई बुझ्नका लागि एक नयाँ दिशा प्रदान गर्दछ । यदि हामी यी तीनवटै विचारधाराहरूलाई एकअर्कासँग समाहित गर्न सक्छौं भने, हामी हाम्रो जीवनमा सम्पूर्णता र सन्तुलन हासिल गर्न सक्छौं । अध्यात्म ज्ञानले अनुशासित, मर्यादित र सन्तुलित बनाउन सिकाउँछ र यो विश्वजनीन सत्य हो । अध्यात्मको ज्ञान र व्यवहारिक उपयोगले मात्र यस जननीरुपी धर्ति मातालाई जोगाउन सक्छ । पूर्वीय अध्यात्म दर्शनका मूलभूत पक्षहरु मनन्योग्य छन् । मानव जातिको अस्तित्व जोगाउन मानव जातिको अस्तित्व जोगाउन गीता, उपनिषद, ब्रम्हसूत्र र बुद्धवाणीहरुलाई विश्वले राम्ररी अध्ययन र मनन गर्नु जरुरी छ । मानव सभ्यतामा अनुशासित, मर्यादित र सन्तुलित जीवनका लागि अध्यात्म ज्ञानको सिञ्चन आवश्यक छ ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०११९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : राजकीय कार्यमा बाधा आउनेछ। स्वास्थ्यमा खानपिनको ध्यान राख्नुहोला ।
**वृष** : इष्टमित्रहरूको सहयोग गर्नुहोस्। कार्यक्षेत्रमा बिलम्ब हुनेछ।
**मिथुन** : कार्यक्षेत्रमा अगाडि बढ्नुहोस् । व्यापार व्यवसायमा लाभ मिल्नेछ।
**कर्कट** : ठूलो समस्या उत्पन्न हुनसक्छ। नोकरी टाल्नु भन्दा पूरा गर्ने प्रयास गर्नुहोस्।
**सिंह** : नकारात्मक विचार आउनेछ। संकटको समय मित्रहरूको सहयोग मिल्नेछ।
**कन्या** :कानुनी मामिलाहरू सुल्झिनेछन्। आफ्नो सामाजिक स्तर बढाउन सक्नुहुनेछ।
**तुला** : नयाँ अवसरहरू मिल्नेछ।कार्य क्षेत्रमा सोचेजस्तो सफलता नमिल्ला।
**बृश्चिक** :योजनाबद्ध तरिकाले कार्य गर्नुहोला। खानपिनको ध्यान राख्नुहोला।
**धनु** :समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ।
**मकर**: मिठो बोल्ने प्रयास गर्नुहोस्।छर छिमेकीको सहयोग मिल्नेछ।
**कुम्भ** : जीवनमा सफलता मिल्नेछ। आफ्नो जिम्मेवारी निभाउने प्रयास गर्नुहोस्।
**मिन** : आयस्रोत बढ्नेछ । विवादास्पद कार्य सम्पादन गर्नमा सफल भइनेछ ।




जीवनदर्शन

# लक्ष्यमा पुग्न ध्यान दिनुपर्ने केही कुरा



*हावाबाट बचाउँछ, धुलोबाट बचाउँछ, लामखुट्टे, भुसुना वा झिँगा आदिले दु:ख दिन सक्दैनन्, पाउँदैनन् । त्यसैले बुढापाकाहरूले कपालको महत्व गएका छन्, बचाउनुपर्छ भनेका छन् । उहिले उहिले कपाल काट्दा टुप्पी राख्ने गरिन्थ्यो । यस्तैयस्तै सानातिना समस्याबाट बच्न सकियोस् भनेर त्यस्तो व्यवस्था मिलाएका हुन् तर विचरा सज्जनको तालुमा त एउटै रौँ थिएन ।*

जीवनमा कतिपय विषय वा समस्या यस्ता हुन्छन्, जुन वास्ता गर्नै लायक हुँदैनन् । कतिपय विषय वा समस्या यस्ता हुन्छन, जसको वास्ता गर्न थाल्दा मुख्य विषय वा लक्ष्यमा ध्यान दिनै भ्याइन्न वा पाइन्न । अझ कतिपय विषय वा समस्या यस्ता हुन्छन्, जसलाई भाउ दिन थाल्दा वा जसको वास्ता गर्न थाल्दा समस्या बढेर निकै भयावह बन्न पुगिरहेको हुन्छ ।

उदाहरणका लागि घाउ वा चोटलाई नै लिन सकिन्छ । कतिपय मानिसमा कुनै घाउचोट लाग्यो भने सानै किन नहोस् त्यसलाई मसार्ने, सुमसुम्याउने, कोट्याउने बानी हुन्छ । कतै भाइबहिनीहरूले पनि त्यस्तै गर्ने गरेका पो छौ कि ? यदि गर्ने गरेका छौ भने राम्रो होइन है । यस्तो गर्ने गर्दा के हुन्छ थाहा छ ? सानै घाउचोट पनि बल्झिँदै गएर डर लाग्दो बन्न पुग्छ । मानिलिऔँ कुनै बाँदरलाई घाउ लाग्यो । घाउ लडेर लागेको पनि हुन सक्छ साथीसित झगडा गरेका कारणले पनि हुन सक्छ । त्यतातिर नजाउँ, जसरी लागे पनि लाग्यो । घाउ हो लाग्यो, लाग्यो त लाग्यो । यतिबेला उसले के गर्छ थाहा छ ? यही गर्छ कि त्यसैलाई कोट्याउन थाल्छ । छामछाम छुमछुम गर्छ, चाट्छ, चिमोट्छ, कोपर्छ ।

बाँदरको घाउ न हो । बाँदरको घाउ भन्ने त उखानै छ । उसले घाउलाई कोपर्ने, चिमोट्ने कन्याउने भएकैले बुढापाकाले त्यस्तो उखान भनेका हुन् । जेहोस् उसले पूरा ध्यान घाउतिरै दिन थाल्छ, जसले गर्दा उसले न समयमा खान पाउँछ न आराम गर्ने नै समय पाउँछ । उनीहरूलाई खाने चीज आफैँले जुटाउनुपर्छ । आराम गर्ने समय पनि आफैँले छुट्याउनुपर्छ । कठैबरा भनेर कसैले खाना पनि ल्याइदिँदैनन् आराम गर्ने समय पनि छुट्याइदिँदैनन् तर उसको ध्यान घाउतिर गएकाले समयमा खान र आराम गर्न नपाएर दुब्लो पातलो बन्दै जान्छ र अन्तत: कुपोषणको सिकार हुन पुग्छ । उता कोपर्दाकोपर्दै घाउ बढेर पाक्न थाल्छ र अन्तत: यसैका कारण उसको ज्यानै जाने अवस्था पनि आउन सक्छ । लुतो पनि त्यस्तै हो । कतिपय मानिस लुतो आयो भने कन्याउने गर्छन् तर लुतो कन्याएर निको हुने होइन । उल्टै बढ्दै गएर विकराल बन्न पुग्छ । मानौँ कुनै कुकुरलाई लुतो आयो । उसले पनि के गर्छ थाहा छ ? आफ्नो खुट्टाले वा मुखले भेटेजति कोपर्ने र चिथोर्ने गर्छ । नभेट्ने स्थानमा चउरमा लडिबढी गरी चिलाइ मेटाउन खोज्छ, जसले गर्दा उसको शरीर भरी घाउ लागेर रगत बग्न थाल्छ तर जति कन्याए पनि चिलाउन छाड्दैन । उल्टै लुतो पाकेर निकै डर लाग्दो अवस्थामा पुग्छ र त्यस्तै परे उसको पनि ज्यानै जाने अवस्था आउन सक्छ । मनिसकै कुरा गरौँ न । धेरै पहिलेको कुरा हो । एकपटक एक जना सज्जन कतै जाँदै रहेछन् । गर्मीको मौसम थियो, चर्को घाम । थकाइ त लागेकै थियो भोक र प्यासले पनि सतायो । यताउता हेरे केही पर एउटा चौतारो देखेर त्यतै लागे । त्यतिबेला अहिलेको जस्तो यातायातको साधन थिएन । जहाँ जान परे पनि पैदलै हिँड्नुपर्ने हुन्थ्यो । त्यसैले बटुवाहरूले थकाइ मार्न पाउन् भनेर स्थानीय मानिसहरूले ठाउँ-ठाउँमा चौतारो बनादिने गर्थे ।

पानी खान पाउन् भनेर सकेसम्म खानेपानीको धारो बनाइदिन्थे । धारो बनाउन सम्भव नहुने ठाउँमा माटाको भाँडोमा पानी रादिने गर्थे । थकाइ मार्ने उद्देश्यले जब सज्जन चौतारोमा बसे । नजिकै सानो धारोबाट पानी बगिरहेको पनि देखे । त्यसपछि उनले खुसी हुँदै चौतारो र धारो बनाइदिने मानिसलाई धन्यवाद दिँदै पानी खाएर र आराम गर्न लागे । थकाइ र गर्मीका कारण बस्ने बित्तिकै उनलाई निद्रा लाग्यो । जब आँखा ललाउन के लागेको थियो टाउकोमा एउटा झिँगा आएर बस्यो । उनी तालु खुइले थिए । तालुमा एउटै पनि रौँ थिएन । सायद रौँ भएका भए झिँगा बसेको थाहा पाउने पनि थिएनन् । टाउकामा परिआउने कतिपय झिनामसिना समस्या कापालले रोकिदिन्छ । हावाबाट बचाउँछ, धुलोबाट बचाउँछ, लामखुट्टे, भुसुना वा झिँगा आदिले दु:ख दिन सक्दैनन्, पाउँदैनन् । त्यसैले बुढापाकाहरूले कपालको महत्व गएका छन्, बचाउनुपर्छ भनेका छन् । उहिले उहिले कपाल काट्दा टुप्पी राख्ने गरिन्थ्यो । यस्तैयस्तै सानातिना समस्याबाट बच्न सकियोस् भनेर त्यस्तो व्यवस्था मिलाएका हुन् तर विचरा सज्जनको तालुमा त एउटै रौँ थिएन । त्यसैले झिँगा बस्ने बित्तिकै उनलाई चिलायो र आँखा नउघारिकनै झिँगा धपाए तर झिँगा न हो धपाएको भरमा किन टेर्थ्यो र । एकछिन उडेजस्तो गर्थ्यो फेरि आएर बस्थ्यो । उनी जतिपटक धपाउँथे झिँगा उतिपटक आएर बस्ने गर्थ्यो, जसले गर्दा उनले दिक्क भएर झिँगालाई धपाउनै छाडिदिए तर भइदियो के भने एकछिनपछि झिँगा आफैँ आउन छाड्यो । यसै पनि जहाँ भाउ पाइन्छ, जसले वास्ता गर्छन् त्यहीँ नै जाने हुन् सबै । जहाँ भाउ छैन, जसले वास्ता गरेका छैनन् त्यस्तो स्थानमा जान कसले पो रुचाउँछ र ? यहाँ पनि यस्तै भएको थियो ।

जति बेलासम्म उनी झिँगालाई धपाउँथे अर्थात् त्यतातिर ध्यान दिन्थे त्यतिबेलासम्म ऊ आइरह्यो । जतिबेला उनले ध्यान दिन छाडेर आफ्नो काममा लागे झिँगा पनि आउन छाड्यो । जब झिँगा आउन छाड्यो तब सज्जन एकछिन मस्तसँग निदाएर आफ्नो बाटो लागे । यी केही उदाहरण हुन् । वास्तावमा हरेक क्षणमा, हरेक वस्तु वा विषयमा यही नियमले काम गरेको हुन्छ । त्यसैले जीवनमा उन्नति र प्रगति गर्न चाहने हो भने यस्ता झिनामसिना कुरामा ध्यान दिनुहुँदैन । जतिबेलासम्म त्यस्ता कुरामा ध्यान दिइन्छ त्यतिबेलासम्म केही पनि गर्न सकिन्न । समय साधन र स्रोत त्यत्तिकै खेर जान्छ । जब त्यस्ता कुरा वा विषयमा ध्यान दिन छाडेर मुख्य लक्ष्य वा उद्देश्यतिर ध्यान केन्द्रित गर्न थालिन्छ तबमात्र समय, साधन र स्रोतलाई सदुपयोग गरी उन्नति र प्रगति गर्न सकिन्छ ।

*-रातोपाटी डटकम*


**नेपाल बार एशोसिएशन**
**जिल्ला अदालत बार एकाई, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**साधारण सभा तथा निर्वाचन सम्बन्धी सूचना**

यस पाल्पा बार एकाईको मिति २०८१/१०/१५ गते बसेको कार्यसमितिको बैठकको निर्णय अनुसार निम्न मिति,स्थान र समयमा साधारण सभा र निर्वाचन हुने भएकोले सम्पूर्ण सदस्य ज्यूहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

मिति : २०८१/११/१६ गते (साधारण सभा)
मिति :२०८१/११/ १७ गते (निर्वाचन)
स्थान : पाल्पा बार भवन तानसेन, लहरेपिपल
सयय : बिहान ११ बजे

**नेपाल बार एशोसिएशन**
**तानसेन, पाल्पा**


कथा — खड्गबहादुर कौशिक

# आमा, हामी हाउडीमा जाने नि !

"आमा भोलि हाउडी होइन ? म हाउडीमा जान पाउँछु नि ?" भात खाँदै डुकेले शङ्कालु आँखाले आमालाई हेर्दै सोध्यो । "जालास् ! अहिले चैं छिटो खा न !" भन्दै रणमायाले बटुकामा रहेको मही तन्न तानी । अनि भातको अन्तिम गाँस मुखमा हाल्दै गरेका छोरालाई एक पल्ट बल्ल देख्न पाए जसरी हेरी ! पुसको रात ! बढ्दो जाडोले कठ्याङ्ग्राइँदै थियो । ओच्छ्यान तानतुन मिलाउँदै रणमायाले छोरालाई बोलाई, "बाबु लु सुत्न आइज । भोलि छिटो उठ्नुपर्छ ।" "आमा भोलि त मलाइ साँच्चै हाउडीमा लैजान्छौ नि ?" चित्त नबुझेर फेरि डुकेले आमालाई सोध्छ ! "लैजाउँला ! तँ पनि हिंडिस् भने घर चैं कसले हेर्छ अब ?" रणमायाले भनिनसक्दै डुकेले जवाफ फर्कायो, "नाइँ म त हाउडीमा जान्छु जान्छु ! गएको पालि पनि जान पाइनँ ! तिमी धान काट्नु म सिला खोज्छु !" डुकेले आृनो रहर र जिद एकै चोटि पोखेर धुस्साले मुख छोप्दै सुत्न खोज्यो । "आमा हाउडीमा त अघाउँजी खान दिन्छन् नि ?" डुकेले धुसाबाट मुख बाहिर निकाल्दै सोध्यो । "अँ अँ दिन्छन् ! खुरुक्क सुत् अब ।" भन्दै रणमायाले बत्ती निभाई । आमाको मुखबाट यत्ति सुनेपछि ऊ फुरुक्क भयो ! ढुक्क पऱ्यो । ओच्छ्यानमा गुटमुटियो । ...रात निकै बितेपछि ऊ झसङ्ग ब्यूँझियो । डाँडा घरतिर कुकुर भुक्दै गरेको उसले सुन्यो । उसलाई डर लाग्यो । आमा निद्रामै भएको ठहर गऱ्यो । गबडु दोभानतिर एक हूल स्याल एकसाथ कराए ! रात निकै छिपे जस्तो लाग्यो उसलाई । डराए जसरी च्यापेर ख्याक्क एक पल्ट खोक्यो ! आमापट्टि फर्केर सुत्न खोज्यो । कहिले उज्यालो हुन्छ र हाउडीमा जान पाइन्छ भन्ने कुरा मात्र अटाएको छ उसको मनमा अहिले । "बाबा त अझ निदाएको छैनस् क्यो ? सुत भोलि छिटो उठ्नुपर्छ ।" "हुन्छ,"आमालाई यति नै भनेर ऊ निदाउन बल गऱ्यो । फेरि मनमनै सोच्न थाल्यो - आहा ! भोलि हाउडीमा आमासँग जाने, थपीथपी खाना खाने, दिनभरि खेतमा खेल्ने, सिला खोज्ने, कति फुर्ती हुन्छ ! यस्तै कल्पनाका टुक्राटुक्रा सपना आँखा अघिल्तिर लुकामारी खेल्दा खेल्दै डुके भुसुक्क निदायो ! मंसीर एघार गते भइसकेछ । छोटा दिन ! न वेला ढलेको थाहा हुन्छ न कामको मेलो पाइन्छ । घाम पनि सुइँसुइँती कतै नहेरी एकोहोरो बाटो छोट्याउन कुदे जस्तो लाग्छ । यता फेरि ठिही अझ बलियो बन्दै पुसको ढोका उघार्ने ताउरमाउरमा कतै पछि परेको देखिँदैन थियो ! हिजोआज गाउँमा भिन्दै रौनक छाएको छ । खेती कमनीको वेला, कसैलाई फुर्सद छैन । कसरी वर्ष दिनको फसल घर ल्याउने हो ? हुनेलाई त्यसैको फिटफिटी छ । हो पनि वर्ष दिनको कमाइ । खेतीको धान खलोमा आई नपुगुन्जेल सबैलाई चिन्ता हुनु स्वाभाविक हो । खेतमा पाकेको सुनौलो लहलह धानका बाला काटेदेखि ढुकुटीमा थान्को नलगाएसम्म खेती किसानी गर्नेको मनमस्तिष्कले कहाँ शान्ति पाउँछ ? यतिखेर जता हेऱ्यो खेतमा धान काट्ने धमाधम छ । बिहान हातमा हँसिया लिएर निस्केका खेताला बेलुका घर फर्कंदा कोही जाडोले च्यादरभित्र हात गुटमुटाएर फर्कंदै हुन्छन् । कोही फेरि घाँसको भारी टाउकोमा बोकेर फर्केका हुन्छन् । यसरी मानिसको कर्म व्यस्तताको दृश्यले गाउँको परिवेशलाई थप रमाइलो पारेको हुन्छ । बाटाघाटामा जताततै कुकुर ब्याएर टाटे पांग्रे, काला, सेता, सुनौला माया लाग्दा छाउराहरू आपसमा जिस्किँदै माउको पछिपछि भ्याई नभ्याई परे झैं यताउता कुदेको दृश्यले भिन्नै रमाइलो थपेको देखिन्छ ! धानका मूठा सकेसम्म बोझाएर घरखेत ओहोरदोहोर गर्ने गोरु गाडाको ताँतो हेर्दा यस्तो भान हुन्छ गाउँमा धान ओसार्ने प्रतियोगिता चल्दै छ ! झन् साने महाजनको त आँखाले भ्याएसम्म देखिएको बाम दह सबै उनकै खेत हो भने हुन्छ ! खेती गरेअनुसार वेलामा थान्को लाउन महाजनलाई भ्याई नभ्याई परेको हुन्छ । उनको धान ओसार्न गोरु गाडाले मात्र नभ्याएर राँगा गाडा पनि बराबर जुटेका हुन्छन् । यसै सुनबारी गाउँलाई धान खेतीका निम्ति उर्वरभूमि भनी यो अञ्चलले मानेको छ । हो पनि, जस्तै प्रतिकूल मौसम नहोस् किन यहाँ कमबेस भए पनि खेती भएकै हुन्छ । यहाँ स्याले डाँडा बाम खाबडखुबड सबैतिर केही न केही खेती उब्जनी भएकै देखिन्छ । मान्छेको भनाइ छ - कथङ्कचित सुनबारीमा धान खेती भएन भने अन्त कतै हुँदैन ! यहाँका मानिस यो कुरा बडा विश्वास र गर्वले भन्ने गर्छन् । शायद राख्नेले यस्तै कुरा सोचविचार गरेर यो गाउँको नाम सुनबारी राखेको हुनुपर्छ ! खेती नहुनेलाई पनि सुनबारी गाउँमा चल्न उति कठिन छैन । तर गरीबगुरुवा नभएका होइनन् ! हुनेखाने अथवा महाजन भनिने दुई एक गरीब प्रति संवेदनशील थिए भने कतिपय गरीबमारा काम गरेर चित्त बुझाउने पनि नभ्याएका होइनन् ! गाउँमा गरीबको गन्ती हुँदा, रुनहुने तन्नम सम्झिन मन लाग्दा, पहिलो पङ्क्तिमा पर्ने मध्ये एक रणमायाको घर थियो । सम्पत्तिका नाममा दुई-तीन वोटा अधियाँका बाख्रापाठा । रणमायाको लोग्ने बर्मे साइँलो धर्मलाल महाजनको गोठमा काम गर्थ्यो । तीन वर्षअघि भएको ढकाल टापुको नाउँ दुर्घटनामा मृत्यु हुन्छ । त्यति नै वेला महाजनले एउटा चार बेते गाई, दुई मोन धान, एक सय रुपियाँ रणमायाको हातमा थमाउँदै भनेका थिए, "हेर रणमाया जन्म, मृत्यु र विवाहको कुरा कसैले भन्न सक्दैन ! तेरो भाग्य नै यस्तै रहेछ । मैले सक्ने दिएँ । त्यो गाईको दूध तैं खानू । गाई मैले तँलाई दिएँ । तर बाछाबाछी चैं मलाई दिनुपर्छ । बुझिस्, दिनस् भने फेरि मसँग हात नपसार्नू ।" यति भनेर धर्मलाल महाजन बाटो लागेका थिए । रणमाया बोलिन ! टुलुटुलु आफ्ना दुइटा बालखा छोराछोरीको मुखमा हेरिरही । यति नै स्याहारसुसार गरेर उसको आज दुई जनाको जहान चलेको छ । चलाउनु परेको छ । छ न त छोरी एउटी पनि थिई । ६ वर्ष पुगेकी छोरी टुकी गत वर्ष जेठमा अचानक एकै दिनको उँधोउँभोले आकस्मिक मृत्युलाई अँगाली । दैवको निष्ठुर आँखा परे कसले टार्न सक्छ ! टुकीको मृत्युको निमित्त यति नै भयो ! साथीहरूसँग काँचो आँप उसले बेसरी साँदेर खाएकी थिई रे ! गाउँकाले बस् त्यसैले हो भन्ने अड्कल लगाए ! अहिले सन्तानको नाममा एक मात्र छोरो ! डुकनाथ दाहाल । गाउँकाले डुके भनेर चिन्छन्, बोलाउने गर्छन् । भोलि त हो हाउडीको दिन ! साने महाजनको धान काट्ने । कति दिनदेखि यो खबरले गाउँ हल्लाएको छ । कतिले यो दिन औंला भाँचेर पर्खेका छन् - भन्छन् ! गए वर्ष हाउडीमा भाग लिने दुई कोरी खेताला भएका थिए । यस पालि अझ बढी हुने गाउँमा हल्ला छ । महाजनको खेत साह्रै रमिता लाग्दो हुन्छ । हो यही हाउडीको कुरा रणमायाको घरमा पनि हुँदै छ । गत वर्ष हाउडीकै दिन प्राथमिक स्कूलको द्वितीय कक्षाको हस्तनिर्मित सामग्री दिने दिन पर्दियो । डुके हाउडीमा होइन, स्कूल जानु पऱ्यो । खुरुन्दार गरेर पनि आमासँग हाउडीमा जान पाएन ! नौ-दश वर्षको केटाकेटी मन ! किन मान्थ्यो ! तर आमाले अलिकति चिउरा र गुँड मिठाई उसलाई पोको पारेर ल्याइदिएको सम्झना छ । तर जान नपाएको दु:ख उसको मनमा अझ गाडिएकै छ । बिर्सिन सकेन ! यस पालि स्कूल बिदाको दिन पऱ्यो । यसैले आमासँग हाउडीमा जाने निधो उसको पहिल्यै पक्का भइसकको छ । ढुक्कमा छ । कति खेर रात पर्छ, कतिखेर उज्यालो हुन्छ, डुकेको ध्यान, चित्त त्यही गुटुमुटु परेको छ । वेलावेला फुर्तीले उसको आङ जिरिङ्ग हुन्छ ! पुलकित हुन्छ ! अनि आमालाई सोध्छ, "हामी कति खेर जाने, कति मान्छे हुन्छन्, खान के के पाइन्छ ?" यस्तै कुराले अलमलिन्छ ऊ ! साने महाजनको हाउडी मेला नै हुन्छ । प्रत्येक वर्ष हुन्छ । गए वर्ष दही चिउरा गुड मिठाई, जसले जति खान्छ, खुवाए ! सबैले खाए । महाजनको आफ्नै भैंसी गोठको दही, कर्दले काट्ने जस्तो बाक्लो ! मज्जाले जमेर चक्की परेको ! भने जसरी पेटभरि खान पाइने ! सबैलाई थाह छ । सधैं उनको मेलामा मान्छेको ताँतो हुन्छ ।....मानिस एक लाइन भएर धान काटेको दृश्य परबाट झलक्क आँखामा पर्दा हाँसको बथान चरे जस्तो लाग्दो थियो । धान हँसियाले एक साथ काटेको र धानका गाज मूठीले समाउँदा हावामा धानका बालाले मृदु झङ्कार सृष्टि गर्दा परिवेश नै सङ्गीतमय बनाउँछ । यस पालि त झन् साने महाजनले थपमा सेलरोटी खुवाउन भनेर पीठो कुटेको देख्ने, खबर फैलाउने गाउँमा कम्ता थिएनन् ! धान काट्ने, मज्जा खाने, जमनी गर्ने यी कुरामा लगभग सबैको सोच मिल्दोजुल्दो थियो । शायद यसैले होला गोठाला तथा सबै जना साने महाजनको हाउडीमा खनिन्थे ! साँझ झमक्क पऱ्यो । रणमायाले भोलिको घरको काम अग्रिम मिलाई । महाजनको हाउडीमा जानुपर्छ । वैलैमा बाख्रापाठा खोरमा थुनी । घाँस पानीको परिबन्ध मिलाई । भोलि त हो हाउडी ! दिउँसोको रहलपहल भात खतेवडनी आमैको घरबाट ल्याएको महीसँग डुकेलाई जसोतसो खुवाई । डुकेले हाउडीमा जाने खुशीमा खाएर अघाएको भोकाएको केही थाह पाएन ! आफू पनि त्यही महीसँग भुटेको मकै खाएर रणमायाले रातको भोक टार्ने काम गरी । खर्त्याङ्ग थाल झरे जस्तो डुकेले सुन्यो । आँखा उघार्यो । अझ राम्रो उज्यालो नभएको देख्यो । तर आमाले ठसठस कन्दै गरे जस्तो सुन्यो । ख्वाकख्वाक खोक्दै आमाले "अय्या आमा ! मरें," भनेको सुन्यो । डुके आतेसले जुरुक्क ओच्छ्यानबाट उठ्दै सोध्यो, "के भयो आमा ? सन्च भएन ?" "खै के भो हातखुट्टा कटकट खाँदै छ । जीउ पनि तातो छ ! यसो तातो पानी तताएर खाऊँ भनेको !" डुकेले आमाको निधार छाम्दै भन्यो, "तातो छ त आमा ! ज्वरो आएछ !" उसले आमाको हातको दिउरे समाएर आगो फुक्दै पानी तताउन थाल्यो ! छेउमा रणमाया खास्टो ओढेर पिरामा टुसुक्क बसेकी छ । ऊ लगलग काम्दै थिई । "अय्या मरें आमा ! जिब्रो पनि सुकेछ ! छिटो गर्न बाबा !" भन्दै मुन्टो उछालेर छोरापट्टि हेरी । बोटुकामा दिउरेको तातो पानी खनाउँदै डुकेले आमालाई पुलुक्क हेऱ्यो । कौतूहल नथामिएर यत्ति चैं उसका मुखबाट निस्कियो, "आमा ! हामी हाउडीमा जाने नि ?" (हाउडी - पारिश्रमिक नलिकन काम गरेको ।)

*-साहित्यपोस्ट डटकम*

# माथागढीमा टिपर दुर्घटना : चालकको मृत्यु

संगीता आचार्य

**पाल्पा,** माघ २३/ जिल्लाको माथागढी गाउँपालिका-५ सुर्कावासमा टिपर दुर्घटना भएको छ । माथागढी- ६ रहवासदेखि ढुङ्गा लिएर खैरेनीतर्फ जाँदै गरेको लु २ ख ५९६५ नम्बरको टिपर बुधबार दिउँसो दुर्घटना भएको हो ।

दुर्घटनामा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा देवदह नगरपालिका - २ का ३१ बर्षीय सुनिल गुरुङ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । टिपर के कति कारणले दुर्घटना भएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको उनले बताए । टिपर बुधबार दिउँसो १ बजे रहवासदेखि ढुङ्गा लिएर खैरेनीतर्फ हिडेको र बिचमै दुर्घटना हुन पुगेको




माथागढी गाउँपालिका- ५ का वडा अध्यक्ष गणेश मान गाहाले जानकारी दिए । टिपर सडकदेखि २ सय ५० मिटर तल खोलामा खसेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## स्थानीय उत्पादनलाई...

...उनका अनुसार मकैको खोस्टा र थाकलको पातबाट बनेका सामान नौलो भएकाले मेलामा आउने दर्शक तथा अतिथि, कलाकारले अवलोकन गर्ने, बुझ्ने गरेका छन् । न्यूनतम ५० देखि बढीमा एक हजार ५ सयसम्म मूल्य पर्ने सामग्री प्रदर्शनी कक्षमा छन् । स्थानीय तहमा जनप्रतिनिधिको नेतृत्व आइसकेपछि नगरपालिकाले महिलालाई आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिम आयोजना गरी उद्यमी उत्पादन गरेको छ । नगरपालिकाको सहयोगमा ज्ञान सीप सिकेर विभिन्न व्यवसाय तथा उद्योग सञ्चालन गरिरहेका छन् । महिलालाई सीप सिकाएर उद्यमीका रुपमा विकास गरिनुपर्छ भन्ने हिसाबले विभिन्न तालिम तथा कार्यक्रममा जोड दिने गरेको नगर उपप्रमुख बालकुमारी थापा बताउँछिन् । स्थानीय उत्पादनलाई बजारीकरणका लागि नगरपालिकाले उपप्रमुख कोसेली घर सञ्चालनमा ल्याएको उपप्रमुख थापाले बताइन् । एकल वा संयुक्त तथा समूहमा व्यवसाय गर्न चाहने महिलालाई सूचना जारी गरी हरेक वर्ष उद्यमी उत्पादन गर्ने खालका विभिन्न कार्यक्रममा सहभागी गराइने गरिएको छ । तालिमपश्चात् व्यवसाय, उद्योग चलाउनका लागि नगरपालिकाले आर्थिक तथा विभिन्न उपकरणजन्य सामग्री सहयोग गरिरहेको छ । नगरपालिकाको सहयोगमा उद्यमी तथा व्यवसायी बन्न चाहनेले भने नगरपालिकामा आफ्नो उद्योग, व्यवसाय दर्ता गर्नुपर्ने हुन्छ । *-रासस*

## गुल्मीको सुदुरपूर्वमा...

...चन्द्रकोट गाउँपालिकाले भने मजुवामा इलाका प्रशासन कार्यालय स्थापना हुनुपर्ने बताएको छ । मजुवामा इलाका प्रशासन कार्यालय स्थापनाको कुनै पनि विकल्प नरहेको अध्यक्ष युवराज केसीले बताए । उनले इलाकाप्रशासन कार्यालय चन्द्रकोट, सत्यवती, कालीगण्डकीलाई पायक पर्ने गरी स्थापना हुनुपर्नेमा जोड दिए । चन्द्रकोटमा १८ हजार ६ सय ६२ जनसंख्या रहेको छ । यसै गरि छत्रकोट गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डे, गुल्मी दरवार गाउँपालिकाका अध्यक्ष सरोज थापाले पनि पायक पर्ने स्थान सहमति गरेर इलाका प्रशासन कार्यालय स्थापनाको पहल आवश्यक भएको बताए । इलाका प्रशासन कार्यालय स्थापनाका लागि सम्बन्धित निकायसँग पटक-पटक माग गरे पनि सुनुवाइ नभएको उनीहरुको गुनासो छ । प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमले भने सुदुरपुर्व गुल्मीको पायक पर्ने स्थानमा इलाका प्रशासन आवश्यक रहेको स्वीकार गर्छन् ।

उनले सुदुरपुर्वको दुरदरारबाट सदरमुकाम आउँने हजारौ सेवाग्राहीले दैनिक जसो सास्ती खेप्नु परेका कारण सेवा प्रवाहमा समेत असहज महशुस भएको भन्दै त्यसका लागि आफुले आवश्यक पहल गर्ने बताए ।


## पाठेघरको मुखको क्यान्सर बिरुद्ध एच.पि. भी. खोप अभियान २०८१ सम्बन्धी सूचना

नेपालमा हरेक दिन ४ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुन्छ भन्ने तथ्याङ्क छ । महिलाहरुमा हुने विभिन्न क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो, तर किशोर अवस्थामै रोग विरुद्धको एच.पि.भी. खोप लगाए यो रोग लाग्नबाट बच्न सकिन्छ ।

यसैलाई ध्यानमा राखेर नेपाल सरकारले देशभर यही माघ २२ गतेदेखि फागुन ६ गतेसम्म एच.पि.भी. खोप सञ्चालन गरेको छ । यस खोप अभियानमा विद्यालय जाने कक्षा ६ देखि १० सम्मका सम्पूर्ण छात्राहरु र विद्यालय नजाने १० वर्षदेखि १४ वर्ष उमेर सम्मका किशोरीहरुलाई विद्यालय केन्द्रीत खोप केन्द्रहरूबाट पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप दिइँदै छ । त्यसैले आ-आफ्नो विद्यालय वा नजिकैको खोप केन्द्रमा गई खोप लगाउनुहुन अनुरोध गर्दछौं ।

**पाल्पामा खोप लगाउने मिति र स्थान**

**२०८१ माघ २२ गतेदेखि :** रम्भा गाउँपालिका, माथागढी गाउँपालिका, पूर्बखोला गाउँपालिका, रामपुर नगरपालिका र निस्दी गाउँपालिका

**२०८१ माघ २८ गतेदेखि :** रैनादेवी छहरा गाउँपालिका, रिब्दीकोट गाउँपालिका, तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका र तिनाउ गाउँपालिका

अभियानमा छुट भएका किशोरीहरूले अभियानको अन्तिम दिन नजिकैको स्वास्थ संस्थाबाट पनि यो खोप लिन सक्ने छन् । थप जानकारीको लागि नजिकैको स्वास्थ संस्था, महिला स्वास्थ्य स्वयंसेवीका वा वडाका जनप्रतिनिधिहरुलाई सम्पर्क गर्न सकिने छ ।

अनुरोधक

**जिल्ला खोप समन्वय समिति एवं स्वास्थ्य कार्यालय, पाल्पा**


### खेलकुद समाचार

## नेपालको लगातार पाँचौं हार



**काठमाडौं,** माघ २२/माघ २३, २०८१ बुधत्रिदेशीय महिला टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलामा नेपालले लगातार पाँचौं हार बेहोरेको छ । नेदरल्यान्ड्सले नेपाललाई १० विकेटले हरायो । नेपालले दिएको १ सय ४६ रनको लक्ष्य नेदरल्यान्ड्सले १९ ओभर ४ बलमा एक विकेट पनि नगुमाई भेटायो । नेदरल्यान्ड्सका स्टेर कालिसले ९८ र पेबे मोलकेनबोरले ४८ रन बनाए । यो खेलमा कालिस र मोलकेनबोरले १५१ रनको कीर्तिमानी साझेदारी गरे । टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा नेदरल्यान्ड्सको महिला टोलीले कुनै पनि विकेटका लागि गरेको यो सबैभन्दा ठूलो साझेदारी हो । यसअघि सन् २०१९ मा जर्मनीसँगको खेलमा दोस्रो विकेटका लागि १ सय ४४ रनको साझेदारी गरेका थिए । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ४ विकेट गुमाएर १ सय ४५ रन बनायो । नेपालकी अलराउन्डर पूजा महतोले अर्धशतक बनाइन् । पूजाले ५१ बलमा नटआउट ६२ रन जोडिन् । यस्तै कप्तान इन्दु बर्माले ३९, रुबिना क्षेत्रीले २० रन बनाए । नेदरल्यान्ड्सकी आइरिस ज्विलिङ्कले २ विकेट लिइन् । नेपालले यसअघिका ४ वटै खेल हारेको छ । नेपाली महिला टोली नेदरल्यान्ड्स र थाइल्यान्डसँग २/२ पटक पराजित भएको छ । थाइल्यान्ड ४ वटै खेल जित्दै ८ अङ्कसहित तालिकाको शीर्ष स्थानमा छ । नेदरल्यान्ड्स ५ खेलमा ६ अङ्कसहित दोस्रो स्थानमा छ । नेपाल अङ्कविहीन हुँदै पुछारमा छ । लिग चरणमा शीर्ष स्थानमा रहने टोलीले शृङ्खलाको उपाधि जित्नेछ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## विद्यार्थीलाई छात्रवृत्ति वितरण



**पाल्पा,** माघ २३/मुना मेमोरियल ट्रष्ट रामपुरले विद्यार्थी छात्रवृत्ति वितरण गरेको छ । स्वर्गीय मुना अधिकारी पौड्यालको स्मृतिमा स्थापित ट्रष्ट मार्फत रामपुरस्थित जनकल्याण माध्यमिक विद्यालयकी छात्रा सावित्री गैरेलाई छात्रवृत्ति प्रदान गरिएको हो ।


विद्यालयबाट यस वर्षको एसइइ परीक्षामा उत्कृष्ट जिपिए सहित उत्तिर्ण हुन सफल गैरेलाई छात्रवृत्ति स्वरुप ७ हजार ५ सय प्रदान गरिएको छ । ट्रष्टले आनो वार्षिक उत्सवको अवसरमा हरेक वर्ष यहाँ अध्ययरत उत्कृष्ट अंक ल्याउने छात्रालाई छात्रवृत्ति वितरण गर्दै आएको छ । हरेक वर्ष जस्तै यस वर्ष पनि १३ औं वार्षिक उत्सवको अवसरमा बुधवार एक कार्यक्रम गरि छात्रवृत्ति गरिएको हो । छात्रवृत्ति वितरण गर्दै रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले मुना मेमोरियल ट्रष्टले समाज र शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान प्रसंशनीय रहेको बताईन् । रामपुर नगरपालिका -१० का वडा सदस्य पिताम्बर ओस्तीले ट्रष्टले सञ्चालन गर्ने कार्यक्रमलाई थप परिस्कृत गरेर अगाडि बढ्नु पर्ने बताए । विद्यालयका प्रधानाध्यापक आनन्द भण्डारीले मानवसेवाका लागि सबैमा सेवा भाव हुन जरुरी रहेको बताए । महिला नेतृ दुर्गा देवि भण्डारीले छात्रवृत्ति पाउने विद्यर्थीलाई शुभकामना दिंदै उच्च मनोबलका साथ अध्ययन गरेर ट्रष्टले गरेको सम्मानको गरिमा बढाउन आग्रह गरिन् । कार्यक्रममा सिर्जना आमा समूहका पूर्व अध्यक्ष धन कुमारी चापागाई,समाजसेवी टुंगराज पौडेल,पार्वती न्यौपाने, नोलराज भण्डारीले बोल्दै ट्रष्टले विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेर प्रेरणा सहित हौसला प्रदान गरेकोमा धन्यवाद व्यक्त गरे । विद्यार्थी सावित्री गैरेले ट्रष्टले प्रदान गरेको छात्रवृत्तिले आगामी शैक्षिक यात्राका लागि थप प्रोत्सहान र हौसला मिलेको भन्दै यसले अध्ययनमा सहजताका लागि सघाउ पुऱ्याउने बताइन् । कार्यक्रममा मुना ट्रष्टका अध्यक्ष जनार्दन अधिकारीले समाजसेवाका लागि सबै अग्रसर भएर लाग्नु पर्ने भन्दै आगामी दिनमा विभिन्न कार्यक्रमका साथ अगाडि बढ्ने बताए । अधिकारीको अध्यक्षता, सचिव उपेन्द्र अधिकारीको सञ्चलनमा कार्यक्रम भएको थियो ।


## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन वोर्डमा सुचीकरण गरौं,
- विज्ञापन वोर्डमा सुचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चार माध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
-सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई